# सूचना २

## राष्ट्रिय समाचार समिति (दोस्रो संशोधन) नियमावली, २०४६

राष्ट्रिय समाचार समिति नियमावली, २०४१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय समाचार समिति ऐन, २०१९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "राष्ट्रिय समाचार समिति (दोस्रो संशोधन) नियमावली, २०४६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय समाचार समिति नियमावली, २०४१ को नियम ८ मा संशोधन : राष्ट्रिय समाचार समिति नियमावली, २०४१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ ।

"८. नियुक्ति, बढुवा र विभागीय कारवाही : समितिको कर्मचारी नियुक्ति गर्ने अधिकारी, नियुक्तिको तरिका र बढुवा तथा विभागीय कारवाही र त्यसउपरको पुनरावेदनसम्बन्धी व्यवस्था लोक सेवा आयोगद्वारा स्वीकृत सामान्य सिद्धान्तअनुसार हुनेछ ।"

३. मूल नियमावलीमा नियम १२. क थप : मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२ क. थपिएको छः–

"१२ क. समितिको सेवामा नरहेका अवधिको तलब भत्ता नपाउने : कुनै कर्मचारीलाई समितिको सेवाबाट हटाउन वा बर्खास्त गर्न दिइएको आदेश कुनै अदालत वा अधिकारीको निर्णयले रद्द भई उक्त कर्मचारी समितिको सेवामा पुनः स्थापित भए तापनि निजले कार्यालयमा उपस्थित नभएको अवधिको तलब भत्ता वा सुविधा दाबी गर्न पाउनेछैन ।"

४. खारेजी : मूल नियमावलीको परिच्छेद ७ खारेज गरिएको छ ।

आज्ञाले,

विष्णुप्रताप शाह

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२